# खाद्य पसलमा म्याद नाघेका वस्तु

**बैतडी समाचारदाता**
*बैतडी, वैशाख २८ गते*

बैतडीका खाद्य पसलमा म्याद नाघेका वस्तु भेटिएका छन् भने नास्ता तथा मिठाई पसलमा प्रयोग हुने खाद्य तेल पटक पटक तताएर परिकार पकाउँदा स्वास्थ्यमा गम्भीर असर पर्ने तत्त्व भेटिएको छ। त्यस्ता खाद्य वस्तुको नमुना सङ्कलन गरेर प्रयोशालामा परीक्षण गर्दा चार वटा वस्तुमा गम्भीर समस्या फेला परेको हो।

जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले बजार अनुगमन गर्दा चालु आर्थिक वर्षमा मात्रै दुई लाख ५० हजार रुपियाँभन्दा बढी मूल्यको म्याद नाघेका खाद्य वस्तु फेला पारेर नस्ट गरेको छ।

गत शनिबार पुर्चौडी नगरपालिकाको हाटबजारका १० वटा पसल अनुगमन गर्दा २६ हजार रुपियाँभन्दा बढीका अखाद्य वस्तु फेला पारेर नस्ट गरिएको जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी सुरेन्द्रप्रसाद भट्टले बताउनुभयो। चालु आर्थिक वर्ष २०८२/८३ मा बैतडी र दार्चुलाका करिब पाँच सय वटा पसल, होटेल तथा रेस्टुराँको अनुगमन गर्दा खाने तेलमा गम्भीर समस्या देखिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन बैतडीका कार्यालय प्रमुख एवं खाद्य अनुसन्धान अधिकृत विक्रम श्रेष्ठले बताउनुभयो।

उहाँले भन्नुभयो, "एक पटक कराईमा खन्याएको खाने तेल पटक पटक तताएर परिकार पकाउँदा हानिकारक बनेको फेला पारेका छौँ। जसलाई हामी टोटल पोलार मेटेरियल्स (टिपिएम) भन्छौँ। तेल तताउँदा यो मात्रा २५ प्रतिशतभन्दा बढी भयो भने खान योग्य मानिँदैन तर बैतडीमा ३० देखि ४९ प्रतिशतसम्म खराब तत्त्व भेटाएका छौँ। यस्तो तेलमा पाकेका परिकार खाएमा मुटुसम्बन्धी रोग र क्यान्सर हुने सम्भावना उच्च हुन्छ।" उहाँले चालु आवमा बैतडी र दार्चुलामा भेटिएका अखाद्य वस्तुमध्ये ८४ वटा नमुना परीक्षणका लागि पठाएको श्रेष्ठले बताउनुभयो। उहाँले तीमध्ये ५४ को नतिजा आउँदा चार वटा खाद्य वस्तुमा जन स्वास्थ्यमा गम्भीर असर गर्ने तत्त्व भेटिएकाले मुद्दा दर्ता गर्ने तयारी भइहेको बताउनुभयो।




म्याद नाघेका खाद्य वस्तुमा प्याकेटका मिठाई, चाउचाउ, सस, बिस्कुट, नमकिन, चिउरा, मसला, अचार, मैदा जस्ता वस्तु बढी पाइएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय बैतडीमा दरबन्दी अनुसारका कर्मचारी नहुँदा अनुगमनको दायरा फराकिलो बन्न सकेको छैन। बैतडी र दार्चुलाका जिल्ला हेर्ने गरी बैतडीको गोठालापानीमा स्थापना भएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयमा दरबन्दीका कर्मचारी नहुँदा एक जना प्रमुख र सहयोगीमा भरमा दुई जिल्लाको बजार अनुगमन गर्नु परेको खाद्य अनुसन्धान अधिकृत श्रेष्ठले बताउनुभयो।

स्थानीय तह र उपभोक्ता जागरुक बन्नुपर्नेमा उहाँले जोड दिनुभयो। पहाडी जिल्लामा सधैँ म्याद नाघेका वस्तु भेटिने गरेको विषयमा उद्योग वाणिज्य सङ्क बैतडीका उपाध्यक्ष खिमानन्द भट्टले तराईका जिल्लाबाट पहाडी जिल्लामा आउने खाद्य वस्तु म्याद सकिने बेलाको आउने गरेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "खाद्यान्नमा परनिर्भर रहेका बैतडीसहित सुदूरपश्चिमका सात पहाडी जिल्लामा पठाउने सामानका बारेमा अन्तरजिल्लाको नाकामै परीक्षण जरुरी भइसक्यो।"

म्याद नाघेको खाद्य वस्तु सचेत उपभोक्ता बस्ने मुख्य बजारभन्दा पनि ग्रामीण क्षेत्रका साना पसलमा बढी पाइने गरेको उपाध्यक्ष भट्टले बताउनुभयो। ग्रामीण क्षेत्रमा सडक विस्तार भएपछि तराईका जिल्लाबाट माल सामान बोकेर ट्रक र मिनी ट्रक सिधै गाउँमा पुग्ने गरेका छन्। सरोकारवाला निकायले निरन्तर अनुगमन हुनुपर्ने उहाँले बताउनुभयो। स्थानीय तहको सरकारलाई बजार अनुगमन गर्ने अधिकार भए पनि कार्यान्वयन नहुँदा जिल्ला प्रशासन आफैँ खटिनु परेको सूचना अधिकारी सुरेन्द्रप्रसाद भट्टले बताउनुभयो। उहाँले पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई अनुगमनको अधिकार भए पनि बजार अनुगमन गर्ने वातावरण सिर्जना नभएको बताउनुभयो।

# महिलालाई गाउँमै रोजगार

**टीकापुर समाचारदाता**
*टीकापुर, वैशाख २८ गते*

टीकापुर नगरपालिका–७, सत्तीमा खुलेको तिलगङ्गा बेतबाँस उद्योगले महिलाका लागि गाउँमै आयआर्जनको बाटो खुलेको छ।

मलेसिया र भारतमा काम गरेर सिप सिकेका भरतलाल विश्वकर्माले बेतबाँस उद्योग खोलेपछि यहाँका महिलाका लागि अवसर खुलेको हो। भरतलालले खोल्नुभएको तिलगङ्गा बेतबाँस उद्योगमा ३१ जना महिलाले काम गरिरहनुभएको छ।

चार वर्षदेखि बेतबाँसका सामग्री बनाउने काम गरिरहेकी स्थानीय शान्ति चौधरी सन्तुष्ट हुनुहुन्छ। घरेलु तथा साना उद्योग कार्यालय धनगढीको आर्थिक सहयोगमा सत्ती कर्णाली सामुदायिक वनमा बेतबाँसका सामग्री बनाउने तीन महिनाको तालिम पाएकी शान्ति घरखर्च चल्ने गरी ज्याला पाउने गरेको बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "श्रीमान् व्यापारमा हुनुहुन्छ, घरनजिकै काम गरेर महिनामा २० हजार रुपियाँभन्दा बढी नै ज्याला पाइन्छ म यसैमा व्यस्त छु।" उद्योगमा दुई वर्षदेखि काम गरिरहेकी कविता चौधरी पनि सन्तुष्ट हुनुहुन्छ। टीकापुर नगरपालिकाको आयोजनामा बेतबाँसका सामग्री बनाउने तालिम पाएकी कविता काम सुरु गरेकै दिनदेखि दैनिक पाँच सय रुपियाँभन्दा बढी नै कमाइ भइरहेको बताउनुहुन्छ।

काममा आउने/जाने समय श्रमिकको इच्छा अनुसार भएकाले श्रमिकले फुर्सतको समयमा आफ्नो इच्छा अनुसार काम गर्ने गरेका छन्। श्रमिक आरती चौधरी ठुलो परिवार भएकाले समय दिन नसकेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "घरको काम सकेर बिहान ११ बजेपछि मात्रै काम गर्न आइपुग्छु। कहिलेकाँही छिटै फर्किनु पर्छ तर पनि महिनाको १५ हजार रुपियाँ कमाइ हुन्छ।"

नेपाल सरकार
गृह मन्त्रालय
**लुम्बिनी प्रदेश प्रहरी अस्पताल, नेपालगञ्ज**
**सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२९ गते।**

यस अस्पतालका लागि चालू आ.व. ०८२/०८३ मा तपसिल बमोजिमको सामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरूले रीतपूर्वकको तपसिलको शर्तहरू पालना हुने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सिलबन्दी दरभाउपत्र खरिदका लागि तपसिलमा उल्लिखित दस्तुर रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजस्व खाता नं. १०००१००२०००१०००० (जम्मा गर्न पठाउने कार्यालयको नाममा लुम्बिनी प्रदेश प्रहरी अस्पताल, नेपालगञ्ज र कार्यालय कोड नं. ३१४०४५७०९ तथा राजस्व शीर्षक नं.१४२२९) मा जम्मा गरी सक्कलै भौचर सहित यस कार्यलयमा निवेदन दिनुपर्नेछ। साथै दरभाउपत्र सम्बन्धी अन्य विस्तृत जानकारी (सूचनाका शर्तहरू) दरभाउपत्र साथ संलग्न राखिएको व्यहोरा समेत जानकारी गराइन्छ।

**निम्न**

| सि. नं. | ठेक्का सूचना नं. | विवरण | जमानत रकम | दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम दिन | दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन | दरभाउपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १ | LPPH/SQ/GEN/01/082/83 | Supply and Delivery of 125 KVA Diesel Generator | ४१,०००/– | १,०००/– | २०८३/०२/०४ गते कार्यालय समयभित्र | २०८३/०२/०५ गते १२:०० बजेभित्र | २०८३/०२/०५ गते, १४:०० बजे |

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
मलंगवा, सर्लाही
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**प्रकाशित मिति : २०८३।०१।२९**

यस कार्यालयवाट तपसिलका कार्यहरुका लागि मिति २०८२।०९।२० गतेको सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजिम www.bolpatra.gov.np/egp मार्फत् रीतपूर्वक पेश हुन आएका बोलपत्रदाताहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन गर्दा देहाय बमोजिमको बोलपत्रदाताहरुको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताहरुको नाम ठेगाना | कबोल अंक (भ्याट तथा PS सहित) |
|---|---|---|---|---|
| 1 | IDOSARLAHI/NCB/Works/2082/083-07 | Upgrading Road Works of Kabilashi Na. Paa. 10 Salempur Men Chok Dekhi Aspatal Samm Nala Tatha Sadak Kalopatre Karya, Sarlahi | J.S.S.Engineering Services Pvt. Ltd., Kathmandu | ३,२४,५५,८९५.६५ |
| 2 | IDOSARLAHI/NCB/Works/2082/083-08 | Upgrading Road Works of kabilashi Na.Paa. 10 Salempur Chamelimaai Dekhi Ma.Bi. Bidhalay Samm Sadak Kalopatre Karya, Sarlahi | Bibek Nirman Sewa | १,९२,०७,६४७.६० |

कार्यालय प्रमुख

# पोषण परीक्षणमा चार सय बालबालिका कुपोषित

**वासुलिङ समाचारदाता**
*वासुलिङ (बैतडी), वैशाख २८ गते*

बैतडीमा बालबालिकाको पोषण अवस्था पहिचान गर्न सञ्चालन गरिएको पोषण लेखाजोखा अभियानले जिल्लाको बाल स्वास्थ्य अवस्थाबारे गम्भीर सङ्केत देखाउन थालेको छ।

बैतडीमा सञ्चालन भइरहेको परीक्षण अभियानमा हालसम्म चार सयभन्दा बढी बालबालिकामा कुपोषण देखिएको छ। देशव्यापी अभियान अन्तर्गत बैतडीका ८४ वटै वडामा ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था परीक्षण गर्ने कार्य भइरहेको स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ। अभियान अन्तर्गत स्वास्थ्यकर्मी गाउँ गाउँ पुगेर बालबालिकाको पाखुराको नाप, उचाइ र तौल परीक्षण गरिरहेका छन्। स्वास्थ्य कार्यालय बैतडीका खोप सुपरभाइजर निरीक्षक हरिश भट्टका अनुसार हालसम्म सात हजार ९६ जना बालबालिकाको परीक्षण गरिएको छ। जसमध्ये ७३ जनामा कडा शीघ्र कुपोषण र ३५५ जनामा मध्यम शीघ्र कुपोषण देखिएको छ। उहाँका अनुसार पाखुराको नाप ११५ मिलिमिटरभन्दा कम भएका बालबालिकालाई कडा शीघ्र कुपोषणको सूचीमा राखिन्छ भने ११५ देखि १२५ मिलिमिटरभन्दा कम नाप भएका बालबालिका मध्यम शीघ्र कुपोषणको सूचीमा पर्ने गरेका छन्। उचाइ अनुसार तौल नभएका बालबालिकालाई समेत कुपोषितको सूचीमा समावेश गर्ने गरिएको छ।

स्वास्थ्य कार्यालयका प्रमुख तीर्थराज भट्टले जिल्लाभर १६ हजार ४२७ जना बालबालिकाको पोषण लेखाजोखा गर्ने लक्ष्य रहेको जानकारी दिए। अभियानबाट कुपोषित बालबालिकाको वास्तविक अवस्था पहिचान गरेर उनीहरूलाई उपचार तथा पोषण व्यवस्थापनको दायरामा ल्याउने उद्देश्य रहेको उहाँले बताउनुभयो। वैशाख १५ गतेदेखि सुरु भएको अभियान वैशाख ३० गतेसम्म सञ्चालन हुने छ।

अभियानपछि जिल्लामा कुपोषणको वास्तविक अवस्था यकिन हुने र त्यसका आधारमा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ। अभियान अन्तर्गत बालबालिकासँगै सुनौलो हजार दिनका आमाहरूको पोषण अवस्थाबारे समेत लेखाजोखा गर्ने कार्य भइरहेको छ। ग्रामीण क्षेत्रमा पोषणसम्बन्धी चेतनाको कमी, असन्तुलित खानपान र आर्थिक समस्याका कारण बालबालिकामा कुपोषणको समस्या अझै चुनौतीका रूपमा रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**
**प्रकाशित मिति : २०८३।०१।२९** **मुद्दा फाँट–२, मुद्दा नं. ०८१-DR-०८१६**

वादी **कुमारी बैंक लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०३।२० मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०१।२४ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन।

**तपसिल**

नथुनी साह/मेथुरी देवीको नाति, नरिसंह साह/सनिचरी साहको छोरा, प्रतिमा साहको पति, पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका वडा नं. ६ परिवर्तित मधेश प्रदेश, पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका वडा नं.५ बस्ने वर्ष ४९ को ऋणी नरेश कुमार साह (ना.प्र.नं.१९३०५९/३३९, जारी मिति २०६३।१०।१७, जि.प्र.का., पर्सा)..................१
लखन साहकी छोरी, नरिसंह साह/सनिचरी साहकी बुहारी, नरेश कुमार साहकी पत्नी, पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका वडा नं.६ परिवर्तित मधेश प्रदेश, पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका वडा नं.५ बस्ने वर्ष ४७ की जमानत कर्ता प्रतिमा साह (ना.प्र.नं. अङ्गीकृत ३४-०१-७१-०२०३५, जारी मिति २०७१।०२।२९, जि.प्र.का., पर्सा)..........................................................................................१

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
**सडक डिभिजन, इलाम**
**आर्थिक प्रस्ताव खोलिने सूचना**
**प्रकाशित मिति : २०८३।०१।२९**

यस डिभिजनबाट प्रथम पटक मिति २०८२/१२/१३ मा PPMO को web portal **www.bolpatra.gov.np/egp** तथा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. RDILAM-082/83-12 बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरूको प्राविधिक मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्र दाताहरू सारभूत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम तपसिल बमोजिमको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि. नं. | ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्र दाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १. | RDILAM/337011384/082/83-39 | i. M/s SAROJ/ UDESHYA JV, Jhapa<br>ii. M/s KHARI–KHANAL JV, Ilam<br>iii. M/s BNSPL/BCCPL/RSC JV, Ilam<br>iv. M/s Gyan Jyoti Builders Pvt.Ltd., Kavre | मिति : २०८३/०२/०५ (19 May, 2026)<br>समय : दिनको १२:०० बजे<br>स्थान : सडक डिभिजन इलाम |

**डिभिजन प्रमुख**

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी काठमाडौँबाट तपसिल बमोजिमका प्रतिवादीका नाउँमा जारी गरिएको ७ (सात) दिने म्याद सूचना।**
**प्रकाशित मिति : २०८३।०१।२९**

निवेदक/वादी **एनएमबी बैंक लिमिटेड** र प्रतिवादी फुटकेयर इण्डष्ट्रिज प्रा.लि. समेत भएको ऋण असुली मुद्दामा (मु.नं. ६३५/०८०-DR-०११४) तपसिलमा उल्लिखित प्रतिवादीहरूको नाउँमा जारी गरी पठाइएको म्याद बेपत्ते व्यहोराबाट तामेल भई आएकोले यस न्यायाधिकरणको मिति २०८१।०५।२० को फैसला र मिति २०८२।०२।३० को आदेशानुसार वादी बैंकले भराई पाउने ठहरेको जम्मा रु. ५,८९,२२,७०६।०५ र बाँकी साँवा रकम रु. २,७६,९२,४४९।५५ को मिति २०८१।०५।२१ देखि भरिभराउ हुने दिन सम्मको ब्याज यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस न्यायाधिकरणको ऋण असुली शाखामा बुझाउन आउनुहोला। सो म्यादभित्र ऋणको साँवा ब्याज बुझाउन नल्याएमा कानून बमोजिम हुनेछ। यसमा पछि तपाईंको कुनै उजुरबाजुर लाग्ने छैन।

**तपसिल:**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौँमा मिति २०७५/०२/२५ मा दर्ता नं. १९१२७९/७४/०७५ भई आन्तरिक राजस्व कार्यालय कोटेश्वरबाट स्थायी लेखा नं. ६०६६८७४५६ प्राप्त गरी काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं.३२ कोटेश्वरस्थित रजिष्ट्र्ड ठेगाना रहेको ऋणी फुटकेयर इण्डष्ट्रिज प्रा.लि..........................................................................१
शिव कुमार के.सी.को नाति, चित्र बहादुर के.सी.को छोरा, खोटाङ जिल्ला, खाल्ले गा.वि.स. वडा नं. ७ को परिवर्तित ऐ. जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर बस्ने अ. वर्ष ६५ को सञ्चालक तथा जमानी कर्ता खिल बहादुर के.सी. (ना.प्र.नं.१४१८, जारी मिति २०४२/०२/१२, जि.प्र.का. ओखलढुङ्गा)..................................................२
चित्र बहादुर के.सी.की बुहारी, खिल बहादुर के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, खाल्ले गा.वि.स. वडा नं. ७ को परिवर्तित ऐ. जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं ३२, कोटेश्वर बस्ने अ. वर्ष ६० की व्यक्तिगत जमानी कर्ता कमला के.सी. (ना.प्र.नं.१०८७, जारी मिति २०४२/०२/१४, जि.प्र.का., ओखलढुङ्गा)..................................................३
मिन बहादुर थापाको नाति, देव बहादुर थापाको छोरा, भक्तपुर जिल्ला, बालकोट गा.वि.स. वडा नं. ८ को परिवर्तित ऐ. जिल्ला सूर्यविनायक न.पा. वडा नं.३ बस्ने अं. वर्ष ५९ को व्यक्तिगत जमानी कर्ता नोख बहादुर थापा (ना.प्र.नं. ३९६-०३८-०३९, जारी मिति २०३८/०५/२६, जि.प्र.का., भक्तपुर)......................................४
हर्क बहादुर कार्कीकी छोरी, देव बहादुर थापाकी बुहारी, नोख बहादुर थापाकी पत्नी, भक्तपुर जिल्ला, बालकोट गा.वि.स. वडा नं. ८ को परिवर्तित ऐ. जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ३ मा बस्ने अं. वर्ष ६० की व्यक्तिगत जमानी कर्ता सावित्री थापा (ना.प्र.नं.२९३००१८/२४७, जारी मिति २०७०/०१/२२, जि.प्र.का. भक्तपुर) ............५

**Secretariat of Federal Parliament**
**Public Accounts Committee (PAC)**
**Singha Durbar, Kathmandu, Nepal**
**Request for Expressions of Interest**
(First Publication Date: **2083/01/29**)

Country : **Nepal**
Project : **Public Financial Management for Development Effectiveness Project (PFMDEP)**
Grant No. : **TF0C9004**
**Assignment Title:**
a) Upgradation and Re-engineering of Public Accounts Committee Management Information System (PACMIS) and its Integration with Nepal Audit Management System (NAMS) of the Office of the Auditor General (OAG). *Reference No.: NP-PAC-541742-CS-CQS*
b) Development of a Standard Operating Procedure (SOP) for Public Accounts Committee (PAC) of Federal Parliament of Nepal. *Reference No.: NP-PAC-545840-CS-CQS*

Government of Nepal (GON) has received a grant support of the Multi Donor Trust Fund (MDTF) administered by the World Bank with the GoN's counterpart funding for the implementation of Public Financial Management for Development Effectiveness Project (PFMDEP). As an oversight agency, Public Accounts Committee (PAC) is an implementing agency and intends to apply part of the proceeds of this project financing for **a). Upgradation and Re-engineering of Public Accounts Committee Management Information System (PACMIS) and its Integration with Nepal Audit Management System (NAMS) of the Office of the Auditor General (OAG) and b). Development of a Standard Operating Procedure (SOP) for Public Accounts Committee (PAC) of Federal Parliament of Nepal".**

To enhance the efficiency and effectiveness, the Federal Parliament Secretariat (PAC) intends to a) upgrade and re-engineer the PACMIS by enhancing the existing system by modernizing its design, functionality, and security as well as integration with NAMS. b) Develop and operational a comprehensive, clear, and practical Standard Operating Procedure (SOP) for the Public Accounts Committee of the Federal Parliament of Nepal. The scope of the desired services are mentioned in their Terms of Reference (ToR).

**The Federal Parliament, PAC, Nepal** now invites eligible consulting firms to express their interest in providing the above-mentioned services. Interested consulting firms should provide detail information demonstrating that they have the required qualifications and relevant experience to perform the required services. The short listing (merit list) will be carried out based on the following criteria:
- General experiences of the firm (Core business and years in the business),
- Specific (Relevant) experiences of the firm (Required for the assignment),
- Technical and Managerial capability of the firm.

**Note: The firm must submit all necessary documents to justify above mentioned criteria.**

The attention of interested consulting firm is drawn to section VII of The World Bank Procurement Regulations for IPF Borrowers, 6th Edition February 2025 ("Procurement Regulations"), setting forth the World Bank's policy on conflict of interest.

| i) Eligibility & Completeness Test | Compliance |
|---|---|
| **Copy of Registration of the company/firm** | |
| **Business Registration Certificate, as applicable** | |
| **VAT/PAN Registration** | |
| **Tax Clearance Letter** | |
| ***Self-Declaration letter duly certified by themselves in their Letter Pad that there is no conflict of interest, the firm is not blacklisted and not punished for professional conduct.*** | |
| Note: If the firm/Company did not 'pass' the eligibility criteria then it shall be considered as non-responsive and thus, not processed for further evaluation. | |

Two Separate for each assignment consulting firms will be selected in accordance with the **Consultant's Qualifications Based Selection (CQS)** Method (Section:VII) set out in the Procurement Regulations.

This REoI notice and ToR can be downloaded from our websites: **www.parliament.gov.np/en** Interested consulting firms may obtain further information by sending email to the address below or visiting during office hours from 09:00 to 17:00 hrs. Only the higher scored firm based on merit list will be provided with the Request for Proposal (RFP) to submit detailed technical and financial proposals.

Expressions of interest must be delivered in a written form in person to the address below no later than 12:00 hours, 18th jestha 2083 with clearly/Separately mentioning the assignment title (a)/(b)

In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.

The Federal Parliament Secretariat (PAC) reserves the right to reject any or all the EOIs at any stage without assigning any reason whatsoever and without incurring any liability to the affected applicant(s).

***Contact address:***
**Federal Parliament Secretariat**
**Public Accounts Committee**
**Singha Durbar, Kathmandu, Nepal**
**Email/Phone no.: raman.khanal@parliament.gov.np/01-4200612**